२१ माघ २०८०, आर्थिक अभियान दैनिक पत्रिकामा प्रकाशित

# हिमालयन डिष्टिलरी लिमिटेड

पर्साको

## आर्थिक वर्ष २०७९/८० को नगद लाभांश वितरण सम्बन्धी सूचना

यस कम्पनीले आर्थिक वर्ष २०७९/८० को लागि घोषणा गरेको १५ (पन्ध्र) प्रतिशत नगद लाभांस शेयरधनीहरूको हितग्राही खाताको अद्यावधिक भएको बैंक खातामा **२०८० साल माघ ३ गते बुधबार** देखि IPS मार्फत जम्मा गरिरहेको जानकारी गराउँदछौं ।

आफनो शेयर De-mat गर्न/बैंक विवरण अद्यावधिक गर्न/गराउन बाँकी रहनु भएका शेयरधनीहरूले वितरित लाभांस रकम लिनका लागि आ-आफ्नो हितग्राही खाताको बैंक खाता विवरण अद्यावधिक गराउन हुन जानकारी गराईन्छ । सो विवरणहरू अद्यावधिक गराए पश्चात् मात्र लाभांशको रकम तपाईको बैंक खातामा जम्मा हुने जानकारी गराउँदछौं । वितरण गरिएको नगद लाभांश रकम शेयरधनीहरूको बैंक खातामा IPS मार्फत जम्मा गर्दा लाग्ने बैंक शुल्क सम्बन्धित शेयरधनी स्वयंले व्यहोर्नु पर्नेछ ।

आफ्नो शेयर धितोमा राख्नु भएका शेयरधनी महानुभावहरूले लाभांश रकम प्राप्त गर्न सम्बन्धित बैंक तथा वित्तीय संस्थाको No Objection Letter वा फुकुवा-पत्र अनिवार्य रूपमा पेश गर्नु पर्नेछ ।

साथै आ. व. २०७२।०७३ देखि आ. व. २०७८।०७९ सम्म नगद लाभांश लिन बाँकी रहेका शेयरधनीहरूले यस कम्पनीको शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेण्ट बैकिङ्ग लिमिटेड, नारायणचौर, नक्सालमा सम्पर्क गरी लिन हुन समेत यसै साथ अनुरोध गर्दछौं । वितरण गरेको मितिले ५ (पाँच) वर्षसम्म पनि नगद लाभांश रकम बुझि लिन नआएमा कम्पनी ऐन, २०६३ को दफा १८३ बमोजिम संथापना हुने लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने कानुनी प्रावधान रहेकोले कम्पनी ऐन, २०६३ को दफा १८२(१०) बमोजिम एक महिनाभित्र सम्पर्क गरी आफ्नो नगद लाभांशको रकम बुझि लिन हुन समेत प्रकाशन गरिएको छ ।

**नोट** : प्रतिफल रकममा प्रचलित आय कर ऐन बमोजिम श्रोतमा कर कट्टी हुने र श्रोतमा कट्टी गरिएको करको विवरण दाखिला गर्दा भुक्तानी प्राप्त गर्ने व्यक्तिको स्थायी लेखा नम्बर (PAN) उल्लेख गर्नुपर्ने भएकोले सम्बन्धित सम्पूर्ण शेयरधनी महानुभावहरूमा २०८० साल माघ सम्म आ-आफ्नो हितग्राही खातामा आफ्नो स्थायी लेखा नम्बर (PAN) पनि अद्यावधिक गराउनु हुन समेत अनुरोध गर्दछौं ।

**कम्पनीको २३ औं वार्षिक साधारण सभाको विवरण सम्बन्धी सूचनाः**

कम्पनी ऐन, २०६३ को दफा ७५(२) मा उल्लेख भए अनुसार यस कम्पनीको २३ औं वार्षिक साधारण सभाको सम्पूर्ण विवरण तथा निर्णयहरू कम्पनीको website: himalayandistillery.com मा राखिएको शेयरधनी महानुभावहरूमा जानकारी गराउदछौं ।

**शेयर रजिष्ट्रारः**


**NABIL INVESTMENT BANKING LTD.**

**(A Subsidiary of Nabil Bank Ltd.)**

**नबिल इन्भेष्टमेन्ट बैंकिंग लिमिटेड**

तेस्रो तल्ला, सेन्ट्रल प्लाजा, नारायण चौर, नक्साल, काठमाडौं, फोनः ४५११६०४, ४५११७३३, फ्याक्सः ४५१०५५४
Email: info@nabilinvest.com.np, Url: www.nabilinvest.com.np